# प्रेस विज्ञप्ति- २९४

# Press Release- 294

लागू औषध नियन्त्रण ब्यूरो
**Narcotics Control Bureau**
कोटेश्वर, काठमाडौ।
मिति: २०७८।०४।०८ गते।

## अबैध लागू औषध कोकिन ५०० ग्राम र नक्कली सुन सहित ५ जना मानिस पक्राउ

लामो समयको निग्रानी पश्चात यस लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरवाट खटिएको प्रहरी टोलीले मिति २०७८।०४।०७ गते जिल्ला काठमाडौं, का.म.न.पा. वडा न. १६ पकनाजोल स्थित होटलमा अबैध लागू औषध कोकिनको कारोवार भईरहेको अबस्थामा उक्त कारोबारमा संलग्न  निम्न वतन भएका ब्यक्तिहरुलाई **अवैध लागू औषध कोकिन ५०० ग्राम** ( अबैध बजार मूल्य रू. एक करोड पचासलाख)  र निजहरूको डेरा कोठा खानतलासी गर्दा का.जि.का.न.पा. वडा न १६ मा रहेको मन गुरूङ को डेरा कोठाबाट सुन जस्तो देखिने पहेलो धातु २ थान जम्मा तौल २ किलो ४०० ग्राम सहित पक्राउ गरी कानुन बमोजिम म्याद थप गरी अनुसन्धान गर्ने कार्य भईरहेको।

१. जिल्ला गोरखा, गोरखा न.पा. वडा न. ६ छाप्रे स्थायी ठेगाना भई हाल का.जि. नागार्जुन न.पा. वडा न. २ बस्ने  बर्ष २९ को मुकुन्द खड्का।

२. जिल्ला गोरखा, गण्डकी गा.पा. वडा न. ४ फुजेल स्थायी ठेगाना भई हाल का.जि. का.म.न.पा. वडा न. १६ बस्ने बर्ष ३१ को मन गुरूङ।

३. जिल्ला गोरखा, गोरखा न.पा. वडा न. ८ स्थायी ठेगाना भएका बर्ष ४० को रेशम बहादुर राना।

४. जिल्ला गोरखा आरुघाट गा.पा.वडा न.६ स्थायी ठेगाना भई हाल का.जि.टोखा न.पा. वडा न. ११ बस्ने बर्ष ३२ को प्रहरी जवान एकराज गुरूङ।

५. जिल्ला सुर्खेत गर्भाकोट न.पा. स्थायी ठेगाना भई हाल का.जि. नागार्जुन न.पा. वडा न. २ बस्ने बर्ष २८ को नन्दलाल मान्त (माथी उल्लेखित ब्यक्तिहरुसँग नक्कली सुनको कारोवारमा संलग्न भएको सुचनाको आधारमा मिति २०७८।०४।०८ गते पक्राउ)   •••







**प्रहरी उपरीक्षक**
(जिवन कुमार श्रेष्ठ)
सम्पर्क नं. ९८५११३२७४३

Contact no.: 014601048, email: ncbnepal@gmail.com, Web: ncb.nepalpolice.gov.np, www.facebook.com/ncb.nepol